# सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

(त्रियुगा नगर कार्यपालिकाको मिति २०८०/०१/६ को बैठकबाट पारित)

त्रियुगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश

२०८०

Scanned with CamScanner

# सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०८०

(कार्यपालिकाद्वारा पारित मिति २०८०/०१/०६/)

प्रस्तावना

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिवीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निमार्ण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निमार्णको लागि कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रियुगा नगरपालिकाले यो कार्यविधि वनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि त्रियुगा नगरपालिकावाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "नगरपालिका" भन्नाले त्रियुगा नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "छनौट तथा कार्यान्वयन समिति" भन्नाले दफा ११ को उपदफा (क) वमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावापानी थेग्नसक्ने गरी निर्माण गरिएका काठ, ईँटा, ढुङ्गा, ब्लक, पराल, खर वाहेकका छानायुक्त आवसीय भवन सम्झनु पर्छ ।

(घ) "लाभग्राही" भन्नाले दफा ५ वमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनु पर्छ ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ङ) "लक्षित वर्ग" भन्नाले पहिचान भएका गरिवीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनु पर्छ ।

## परिच्छेद २

## लक्षित बर्ग घर परिवार पहिचान र कार्यक्रम संचालन स्थान

### ३. कार्यक्रम संचालन स्थान

(क) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम त्रियुगा नगरपालिकाको १६ वटै वडाहरुमा संचालन गरिनेछ ।

(ख) कार्यक्रम संचालन स्थान पहिचान गर्दा संम्भव भएसम्म विपन्न परिवारको एकिकृत आवास निमार्णमा जोड दिइनेछ ।

(ग) यथास्थानमा पुनःनिमार्ण गरिने सुरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरी निर्माण गरिनेछ ।

(४) सुरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नका लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्ने छः

(क) नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएका प्रमाण ।

(ग) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्वन्धित वडाको सिफारिस ।

### ५. लाभग्राहीको छनौट प्रक्रिया :

(क) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवा ग्राहिबाट अनुसुचि - ३ बमोजिम ढाँचामा वडामा आवेदन दिन सक्नेगरी नगरपालिकाबाट १० दिनको सार्वजनिक सुचना जारि गरिनेछ । यस भन्दा अगाडी खरको छाना भएको लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिने छ ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभाग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट अनुसूचि १ मा भएका सुचकहरुको आधारमा अंक प्रदान गरिनेछ ।

(ग) उपदफा (ख) बमोजिमका सुचकहरुबाट सवै भन्दा बढि अंक प्राप्त गर्ने घर परिवार पहिलो प्राथमिकतामा पर्ने गरी क्रमशः उच्च अंक प्राप्त सुचिको आधारमा विपन्न घर परिवारको छनौट गरी वडा समितिले नगरपालिकामा सिफारिस गर्नुपर्ने छ ।

(घ) उपदफा (ग) बमोजिम खरको छाना भएको लक्षित घरपरिवार सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरुको एकिन गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा ११ बमोजिमको समितिले गर्नेछ ।

(ङ) लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगलि जनावरबाट निरन्तर पिडित भई रहने तथा अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन् ।

(छ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघसंस्था वा निकायबाट दिइने सहयोग वा समपुर कोषका लागि बाधा पुगेको मानिने छैन ।

परिच्छेद ३

## सम्झौता, निमार्ण तथा रकम निकासा

### ६. सम्झौता

क) दफा ५ बमोजिम सुरक्षित नागरिक आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागिहरु संग अनुसुचि २ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

ख) सम्झौता गर्ने/गराउने जिम्मेवारी नगरपालिकाको कार्यालयले तोकेको शाखा एवं सम्वन्धित वडा कार्यालयको हुनेछ ।

### ७. निमार्ण कार्य र लागत सहभागिता :

क) लाभग्राही र नगरपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निमार्ण गर्नुपर्नेछ ।



Scanned with CamScanner

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप सेवाग्राही स्वयमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निमार्ण गर्नुपर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

घ) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग त्रियुगा नगरपालिकाबाट उपलब्ध गराइनेछ ।

८. अन्य निकायले सहयोग गर्नेः

(क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा (प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ख) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

९. रकम निकासा :

क) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

ख) नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैंक मार्फत दुई किस्तामा रकम उपलब्ध गराउनेछ ।

ग) जस्तापाता, काठ आदि सामाग्रीहरू आपूर्तीकर्ता/व्यवसायीहरूसँग खरिद गरी सोको जानकारी नगरपालिकालाई लिखित जानकारी नगराएसम्म भुक्तानी कार्य सहज गर्ने प्रयोजनको लागि नगरपालिकाले लाभग्राहीको बैंक खाता रोक्का गर्न सक्नेछ ।

घ) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. ७५ हजार सम्म हुनेछ ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ङ) कुनै लाभग्राहीले विशेष कारणवस निमार्ण कार्य सम्पन्न गर्न नसकेमा निमार्ण कार्यको मूल्याङ्कन गरी उचित ठहरे बमोजिमको रकम मात्र प्रदान गरिनेछ ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

१०. नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति :

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन अनुगमन मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछ :

१) नगर प्रमुख - संयोजक

२) नगर उप्रमुख - सदस्य

३) कार्यपालिका सदस्यहरु मध्ये संयोजकले तोकेको महिला तथा दलित सदस्य १ जना - सदस्य

४) ईन्जिनियर - सदस्य

५) सम्वन्धित शाखाको प्रमुख -सदस्य सचिव

ख) नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः देहाय बमोजिम हुनेछ :

क) कार्यक्रम संचालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

ख) विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागि सूचना आह्वान गर्ने ।

ग) प्राप्त दरखास्तहरुवाट दफा ४ वमोजिम छानविन गरी लक्षित घरधनीको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

घ) वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम टुंगो लगाउने ।

ङ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा बाधा फुकाउन सहजिकरण गर्ने ।

च) कुनै कारणवस निमार्ण कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

छ) सुरक्षित नागरिक आवास निमार्ण कार्य र भौतिक पूर्वाधारका लागि सम्बन्धित निकायहरुसँग समन्वय, सहकार्य र योजना माग गर्ने ।

ज) सम्बन्धित शाखा एवं सम्बन्धित वडा कार्यालय मार्फत लाभग्राही परिवारको सम्झौता गर्न/गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

झ) आवश्यकता अनुसार अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

ग) बैठक र सुविधा सम्बन्धी व्यवस्था :

१) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

२) बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

३) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च कार्यपालिका बैठक सरह हुनेछ ।

## परिच्छेद ५

## विविध

**११. बेच बिखन गर्न नपाउने :**

लाभग्राहीले आवास निमार्ण सम्पन्न भएको मितिले पाँच बर्षसम्म उक्त आवास बेचविखन गर्न पाउने छैन ।

**१२ कारबाही हुने :**

सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभाविन्त हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाँकि सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

**१३. बचाउ :**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ख) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सुरक्षित नागरिक आवास वार्यान्वयन कार्यविधि, २०७५ संशोधन सहितलाई मुल आधार मानिने छ ।

ग) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ ।

अनुसूची - १

दफा ५ (ख) सँग सम्वन्धित

लाभग्राहीको छनौटका आधारहरु

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई - १०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा बढी - ० | |
| | घरको गारो | बाँस वा त्यसमा पराल/स्याउलाको टाटि - १०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी - ५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईंटामा सिमेन्टको जोर्नी - ० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने |
| | घरको छानो | खर, पराल, फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>खपडा, टायल - ५<br>ढलान, कर्कटपाता - ० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| | जगगाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा सम्वन्धित वडाको सिफारिस (स्ववासी र विवाद रहित) - १०<br>नदी/ताल किनारामा बसोवास गरेको - ० | |

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | घरमुलीको हकमा | अति विपन्न, असहाय, अशक्त, जेष्ठ नागरिक, अनाथ बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएका - १० <br> अन्य - ० | |

अनुसूची - २

दफा ६ (क) सँग सम्बन्धित

त्रियुगा नगरपालिका र सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही बिच अनुदान उपलब्ध गराउने सम्वन्धि सम्झौता पत्र ।

१. कार्यक्रम स्थलः जिल्लाः उदयपुर नगरपालिकाः त्रियुगा वडा नं.......... गाउँ/टोल/वस्ति ...

२. उद्देश्यः आवास निर्माण ।

३. कुल लागत :..................

न.पा./सरकारी अनुदान .................... लाभग्राहीको सहभागिता .............

४. प्रस्तावित निमार्ण कार्य अवधि :

क) शुरु हुने मिति :- २०......./......../.........

ख) पुरा हुने मिति :-२०......./......../.........

५. निमार्ण कार्य सम्बन्धी सेवा र शर्तहरु :

क) लाभग्राहि र नगरपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा छाना निमार्ण गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राहि स्वयमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग त्रियुगा नगरपालिकाबाट उपलब्ध हुनेछ ।

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)

विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

ङ) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

च) नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा जस्ता पाताले छाना छाउनको लागि काठको काम गर्नका लागि ५० प्रतिशत र जस्ताको छाउने कार्य सम्पन्न भएपछि बाँकी ५० प्रतिशत रकम बैक मार्फत दुई किस्तामा उपलब्ध गराउनेछ ।

छ) सुरक्षित नागरिक आवास निर्माण कार्य सहज बनाउन जस्तापाता, काठ आदि सामाग्रीहरू आपूर्तीकर्ता/व्यवसायीहरूसँग खरिद गर्न लाभग्राहिले सहजिकरणको लागि त्रियुगा नगरपालिकासंग अनुरोध गरेमा त्रियुगा नगरपालिकाले सो कार्यको लागि सहजिकरण गरि दिनेछ ।

ज) जस्तापाता, काठ आदि सामाग्रीहरू आपूर्तीकर्ता/व्यवसायीहरूसँग खरिद गरी सोको जानकारी नगरपालिकालाई लिखित जानकारी नगराएसम्म भुक्तानी कार्य सहज गर्ने प्रयोजनको लागि नगरपालिकाले लाभग्राहीको बैंक खाता रोक्का गर्न सक्नेछ ।

झ) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) स्वीकृत ल.ई. बमोजिम वढीमा रु. ७५ हजार सम्म हुनेछ ।

ञ) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा नगर कार्यपालिकाको निर्णय र प्रचलित कानुन वमोजिम हुनेछ ।

६. सम्झौताका पक्षहरु :-

कार्यालयको तर्फबाट

नामः

पदः .........

दस्तखतः

मितिः

लाभग्राहीको तर्फबाट

लाभग्राहीको नामः

ठेगानाः

दस्तखतः

मितिः

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

साक्षी : (१)

साक्षी : (१)

श्री......... पद......................　　　　श्री...................

ठेगाना......................

मिति: २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अनुसूची - ३

दफा ५ (क) सँग सम्बन्धित

लाभग्राहीले दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

त्रियुगा नगरपालिका, गाईघाट, उदयपुर ।

विषय : सुरक्षित नागरिक आवास अनुदान सम्वन्धमा ।

म त्रियुगा नगरपालिका .....नं. वडा .......टोलमा स्थायी बसोवास गरिरहेको र मेरो आर्थीक अवस्था कमजोर रहेको हुँदा घरको छाना खर/फुस/परालवाट छाएको छ तसर्थ नगरपालिकावाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराई मेरो कि.न.......... को............क्षेत्रफलमा रहेको घर जस्तापाताले छाउनका लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लगाउनुहोस)

१) नेपाली नागरिकताको प्रतिलिपि ।

२) विगतदेखि सो स्थानमा स्थायी वसोवास गर्दै आएको प्रमाण ।

३) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफु विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको खर/फुस/परालवाट छाएको भन्ने सम्बन्धित वडाको लाभग्राही सिफारिस पत्र ।

निवेदक

नाम थर..................

हस्ताक्षर..........

मितिः ..............

सम्पर्क नं............

मितिः २०८०।०१।०६ को
(नगर कार्यपालिकाबाट पारित)



विष्णु भक्त सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner